लोक सेवा आयोग

राजपत्रांकित तृतीय श्रेणी, अप्राविधिक तर्फ विभिन्न सेवा/समूहका
शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको एकीकृत प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/४/१९

समय: ३ घण्टा **पत्र: द्वितीय** **पूर्णाङ्क: १००**

विषय: शासन प्रणाली

(Governance Systems)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

Section - A — 30 Marks

1. नेपालको वर्तमान प्रशासकीय ढाँचाको वर्णन गर्नुहोस् । यसलाई संघीय शासन प्रणाली अनुकूल तुल्याउन के कस्ता सुधार आवश्यक छ ? उल्लेख गर्नुहोस् । **5+5=10**

Describe the present administrative structure of Nepal. What reforms are necessary to make it compatible with federal system of governance? Mention.

2. राष्ट्र निर्माण र राज्य निर्माणको अर्थ र अन्तरसम्बन्ध व्याख्या गर्नुहोस् । साथै, यी दुईबीचको भिन्नता लेख्नुहोस् । **5+5=10**

Explain the meaning and interrelationship of Nation Building and State Building. Also, write the differences between these two.

3. नेपालमा वर्तमान राष्ट्रिय सुरक्षा व्यवस्थापनको अवस्था कस्तो छ? समालोचनात्मक समीक्षा गर्नुहोस् । थप सुधारका लागि तपाईंको धारणा प्रस्तुत गर्नुहोस् । **6+4=10**

How is the existing status of national security management in Nepal? Review critically. Present your views for further improvement.

Section - B — 20 Marks

4. नेपालको संविधानद्वारा प्रत्याभूत शिक्षा सम्बन्धी हक उल्लेख गर्नुहोस् । नेपाल सरकारले नागरिकका यी हक पूरा गर्न पर्याप्त लगानी गरेको छ? विश्लेषण गर्नुहोस् । **5+5=10**

Mention the right relating to education guaranteed by Constitution of Nepal. Has Nepal government made adequate investment to fulfill these right of the citizen? Analyse.

5. कानूनको शासन भन्नाले के बुझिन्छ? नेपालको संविधानले कानूनको शासनको सुनिश्चितता कसरी गरेको छ? उल्लेख गर्नुहोस् । **4+6=10**

What is meant by Rule of Law? How has the Constitution of Nepal ensured the rule of law? Mention.

Section - C — 30 Marks

6. राजनीतिक तटस्थताको अन्तरवस्तु के हो? के यस्तो तटस्थता नेपालको वर्तमान कर्मचारीतन्त्रमा हासिल गर्न सकिन्छ? व्याख्या गर्नुहोस् । **4+6=10**

What is the essence of political neutrality? Can such neutrality be achieved in Nepal's current bureaucracy? Explain.

7. सार्वजनिक नीतिको परिचय दिनुहोस्? नेपालमा सार्वजनिक नीति तर्जुमा प्रक्रिया कस्तो छ ? चर्चा गर्नुहोस् । **3+7=10**

Give an introduction of public policy. What is the process of public policy formulation in Nepal? Discuss.

8. नेपालमा विद्युतीय सुशासन कार्यान्वयन गर्न के कस्ता अवरोधहरू छन्? विद्युतीय सुशासनले कसरी भ्रष्टाचारलाई कम गर्न सक्छ? व्याख्या गर्नुहोस् । **5+5=10**

What are the obstacles to implement e-governance in Nepal? How can e-governance reduce corruption? Explain.

Section - D **20 Marks**

9. मानव श्रोत व्यवस्थापनका प्रमुख पक्षहरू के के हुन्? निजामती सेवामा मेधावी प्रतिभालाई आकर्षण गर्न र अडाइराख्न के-कस्तो उपायहरू अवलम्बन गर्नुपर्ला? चर्चा गर्नुहोस् । **5+5=10**

What are the major aspects of human resource management? What measures should be adopted to attract and retain brilliant talents in the civil service? Discuss.

10. सहभागितामूलक योजनाका आधारभूत विशेषताहरू उल्लेख गर्नुहोस् । विकासमा सहभागितामूलक योजनाको के कस्तो महत्त्व रहेको हुन्छ? सान्दर्भिक उदाहरणसहित व्याख्या गर्नुहोस् । **5+5=10**

Mention the basic characteristics of participatory planning. What is the importance of participatory planning in development? Explain with relevant example.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.
Please share the page link loksewapathsala.com, not this file.